सुनवर्षी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मोरङ

प.सं. २०८३/०८४
च.नं. १०

कोशी प्रदेश, नेपाल

मिति: २०८३।०४।०१

विषय: आ.व.२०८२/०८३ को सम्पत्ति विवरण पेश गर्ने सम्बन्धी सूचना ।।।

श्री जनप्रतिनिधिज्यू (सबै),
श्री कर्मचारी ज्यू (सबै)
सुनवर्षी नगरपालिका, मोरङ्ग।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) को उपदफा (१) मा व्यवस्था भए बमोजिम यस सुनवर्षी नगरपालिका अन्तर्गत रहनुभएका सम्पूर्ण जनप्रतिनिधिज्यूहरु लगायत कार्यरत सम्पूर्ण कर्मचारीहरु (स्थायी, अस्थायी, करार, ज्यालादारी) ले आर्थिक वर्ष २०८२/०८३ को आ-आफ्नो सम्पत्ति विवरण भरी आ.व. सुरु भएको मितिले ६० दिनभित्र बुझाउनुपर्ने व्यवस्था भएको तथा जनप्रतिनिधि र अस्थायी, करार, ज्यालादारी कर्मचारीहरुको हकमा राष्ट्रिय सतर्कता केन्द्रको अनलाईन प्रणालीमा समेत प्रविष्टी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैले मिति २०८३।०४।३० गतेभित्र यस कार्यालयमा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिन्छ । उक्त म्यादभित्र सम्पत्ति विवरण बुझाउँदा बाहिर पट्टि खाम बन्द हुने ठाउँमा अनिवार्य रुपमा हस्ताक्षर गर्नहुन र खाम बाहिर प्रेषकले देहाय बमोजिमको ढाँचामा विवरण उल्लेख गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पत्ति विवरणको खाम बाहिर उल्लेख गर्नु पर्ने विवरण:-

**कर्मचारीको तथा शिक्षकको हकमा**

कर्मचारी/शिक्षकको नाम, थर:-
श्रेणी/तह:-
मोबाईल नं. :-
कर्मचारी संकेत नं.-
सेवा/समुह:-
ईमेल ठेगाना:-
पद/दर्जा:-
नियुक्तिको प्रकार:-
कार्यरत कार्यालय/ विद्यालयको नाम ठेगाना :-

जनप्रतिनिधि / पदाधिकारीको हकमा:-

नाम, थर:-
वडा नं.:-
पद/दर्जा:-
मोबाईल नं. :-
कार्यरत कार्यालय:-
ईमेल ठेगाना:-

..........................
हिमालय बराल
प्रमुख प्रशासकीय अधिकृत
प्रमूख प्रशासकिय अधिकृत

बोधार्थ:-
श्री सूचना प्रविधि शाखा: सूचना वेवसाईट र फेसबुकमा अपलोड गर्नुको साथै सम्बन्धित सबैलाई जानकारी समेत गराउनहुन ।

CS Scanned with CamScanner